# भूमिकास्थान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
Google Plus Code: X3HH+6P Sandhikharka


प.स.: २०८२/०८३
च.नं.:

## ईन्टरनेट जडान सम्बन्धी सूचना। ॥ ॥।

प्रथम पटक प्रकाशित मिति २०८२।०४।०४

यस भूमिकास्थान नगरपालिकामा रहेका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य संस्थाहरु र नगरपालिकामा समेत गरी जम्मा ८८ वटा कार्यालयहरुमा देहायको शर्तको अधिनमा रही ईन्टरनेट जडान गरी सेवा प्रदान गर्न ईन्छुक ईन्टरनेट सेवा प्रदायक आफै उपस्थित भई वा bhumikasthanmun.gov.np मा सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र के कति दरभाउमा सेवा उपलब्ध गराउन सक्ने हो सो सम्बन्धी दरभाउपत्र भरि पेश गर्नुहुनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**सर्तहरुः**

१. नगरपालिकाको कार्यालय र, माध्यमिक विद्यालयहरुमा 100Mbps,आधारभुत विद्यालय(१-५),आधारभुत विद्यालय(१-८),वडा कार्यालयहरु र स्वास्थ्य संस्थाहरुमा 50Mbps(Corporate/SME Package) क्षमता बराबर ईन्टरनेट सेवा प्रदान गर्नु पर्ने छ।

२. विद्यालयको हकमा कार्यक्रम कार्यान्वियन निर्देशिका २०८२/०८३ बमोजिम हुने गरि जडान गरिनेछ।

३. ईन्टरनेट सेवा प्रदायकले नियमित रुपमा ईन्टरनेट सेवा उपलब्ध गराउनु पर्ने छ। केहि विशेष कारणवस सम्झौता अवधिभित्र लगातार २ दिन भन्दा बढी अवधिसम्म सेवा अवरुद्ध हुन गएमा सेवा प्रदायक कार्यालयलाई ईन्टरनेट अवरुद्ध हुन गएको दिनको रकम भुक्तानी गर्नु पर्ने छ।

४. सेवा प्रदायकले सेवाको चेकजाँच गरी सेवालाई निरन्तररुपमा उपलब्ध गराउनु पर्ने छ। भूमिकास्थान नगरपालिकाको लागि छुट्टै Technician कर्मचारीको व्यवस्था गर्नु पर्नेछ। उक्त कार्यको लागि थप शुल्क माग गर्न पाईने छैन।

५. Router को हकमा Genuine Dual Band Router प्रयोग गर्नुपर्नेछ।

६.कार्यालयले ईन्टरनेटको Speed घटी वा बढी गर्न आवश्यक ठानेमा थप कार्यदेश दिई सेवा लिन सक्नेछ।

७. सेवा प्रदायकले सबै कार्यालयहरुलाई सम्झौता गरेको ७ दिन भित्र सेवा सुचारु गर्नुपर्नेछ। र उक्त कार्य सम्झौता भएको मितिले १ वर्षसम्म निरन्तर रुपमा सेवा प्रदान गर्नु पर्ने छ।

८. ईन्टरनेट सेवा बापतको रकम कार्यालयले सेवा प्रदायकलाई त्रैमासिक रुपमा भुक्तानी गर्ने छ। सेवा प्रदायकले रकम भुक्तानी माग गर्दा अनिवार्य रुपमा तल उल्लेखित कागजपत्र संलग्न गर्नु पर्ने छ।

क. कार्यालय र सेवा प्रदाय विचको सम्झौता पत्र र

ख. प्रत्येक वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुको छुट्टा छुट्टै प्रत्येक महिनाको बुझिने गरि ईन्टरनेटको Ledger पेश गर्नु पर्ने छ।

९. सेवा प्रदायकले दरभाउ पेश गर्दा निवेदन सहित अनिवार्य रुपमा कम्पनी दर्ता प्रमाण पत्र, कर/मु.अ.कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र संलग्न गर्नु पर्ने छ।

१०. प्रत्येक वडा, विद्यालय र स्वास्थ्य संस्थामा internet सेवा सूचारु भएको छ वा छैन भन्ने real-time system नगरपालिकाबाट नै हेर्न मिल्ने व्यवस्था गर्नु पर्ने छ।

११. चित्त बुझदो सेवा नभएमा कार्यालयले जुनसुकै समयमा पनि सम्झौता रद्द गर्न सक्नेछ र दोश्रो हुने इन्टरनेट सेवा प्रदायसँग सम्झौता गर्न सकिने छ।

१२. यस सूचनामा उल्लेख नभएको विषय प्रचलित ऐन अनुसार हुनेछ।

१३. सेवा जडान गर्दा कामदार वा अन्य कसैलाई चोट पटक लागेमा वा कुनै किसिमको क्षति भएमा त्यसको जवाफदेही सेवा प्रदायक स्वयंम हुनुपर्नेछ।

१४. सेवा प्रदायकले कुनै कारणवश सेवा उपलब्ध गराउन असमर्थ रहने भएमा सेवा असमर्थताको मिति भन्दा ३ महिना अगावै नगरपालिकालाई लिखित रुपमा जानकारी गराउनु पर्ने छ।

जगदिश चन्द्र नेपाली
प्रमुख प्रशासकीय अधिकृत

**Bhumikasthan Municipality**
**Office of the Municipal Executive**
Nuwakot, Arghakhanchi
Lumbini Province, Nepal

# Bill of Quantity

**Project Name:** Supply of Internet Services

**Description of Goods:-** Installation and service provide of internet services.

| S.N. | Description Of Works | Qty | Unit | Rate | | Total Amount | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In figure | In Words | | |
| 1. | 100Mbps Corporate/SME Package for Yearly Internet Services Charge for one connection | 16 | Connection | | | | With installation charge |
| 2 | 50 Mbps Corporate/SME Yearly Internet Services Charge for one connection | 72 | Connection | | | | |
| Total Amount | | | | | | | |
| VAT @13% | | | | | | | |
| **Grand Total** | | | | | | | |

Name of Company:

Address:

Stamp:

Jagdish Chandra Nepali
Chief Administrative Officer

CamScanner